# नेपाल नर्सिङ परिषद

स्थापित २०५३

पत्र संख्या:


## नेपाल नर्सिङ परिषद्को नाम दर्ता प्रमाण-पत्र परीक्षा (Licensing Examination) सम्बन्धी अत्यन्त जरुरी सूचना

(मितिः २०७८।०४।०५)

नेपाल नर्सिङ परिषद्द्वारा लिइने आगामी नाम दर्ता प्रमाण-पत्र परीक्षा (Licensing Examination) वार्षिक कार्य तालिका अनुसार मिति २०७८ साल भदौं १९ गते हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । National Licensing Examination for Nurses (NLEN) परीक्षामा सामेल हुने परीक्षार्थीहरु प्रविणता प्रमाण-पत्र तह नर्सिङ (P.C.L. Nursing) वा बि.एस्सी नर्सिङ (B.Sc. Nursing) उत्तीर्ण भएको हुनुपर्ने र National Licensing Examination for Midwives (NLEM) परीक्षामा सामेल हुने परीक्षार्थीहरु **Bachelor in Midwifery Science (BMS)** पास गरेका हुनुपर्नेछ ।

| | |
|---|---|
| Online फाराम बुझाउने मिति | - २०७८।०४।१० देखि २०७८।०५।०७ गते सम्म |
| Online दोब्बर दस्तुर | - २०७८।०५।०८ देखि २०७८।०५।१३ गते सम्म |
| परीक्षा हुने मिति | - २०७८।०५।१९ गते शनिबार |

- **अनलाईन फारम भर्नको लागि परीक्षाको लिंक exam.nnc.org.np** मा जानु भई दिईएको निर्देशन बमोजिम गर्नुहुन अनुरोध छ । अनलाईन बाहेक अन्य कुनै पनि माध्यमबाट परीक्षाको आवेदन फाराम बुझाउन पाईने छैन ।
- **परीक्षा शुल्क रु. १६००।- (रुपैयाँ एक हजार छ सय मात्र) र बिलम्ब शुल्क रु. ३१००।- (रुपैयाँ तीन हजार एक सय मात्र) eSewa मार्फत बुझाउने व्यवस्था गरिएको छ ।**
- परीक्षा सम्बन्धी विस्तृत जानकारी यस परिषद्को कार्यालयबाट लिन सकिनेछ । साथै, परिषद्को वेभ साइट **www.nnc.org.np** मा हेर्न सकिनेछ वा फो.नं. ०१–४३७२५२१ मा सम्पर्क गर्न सकिनेछ ।
- **नेपाल नर्सिङ परिषद्को परीक्षा समितिले आवश्यक ठानेमा परीक्षार्थीहरुसँग अन्तर्वार्ता पनि लिन सक्नेछ ।**
- **परीक्षा हुने समय ९:०० बजेदेखि ११:३० बजेसम्म (२ घण्टा ३० मिनेट) हुनेछ ।**
- **नाम दर्ता परीक्षामा सामेल हुन आउने सम्पूर्ण परीक्षार्थीहरुले कोभीड–१९ को संक्रमणको कारणले गर्दा परीक्षा केन्द्रमा आउँदा अनिवार्य रुपमा मास्क लगाएर आउनुपर्नेछ । साथै, प्रत्येक केन्द्रमा परीक्षार्थीहरुको ज्वरो नापिनेछ ।**
- नाम दर्ता परीक्षामा परीक्षार्थीहरुलाई परिषद्ले नै कालो Gel Pen उपलब्ध गराउने छ । परीक्षामा उपस्थित हुने विद्यार्थीहरुले मोबाईल, कलम, घडी, औठी, चुरा, कानको रिङ, टप तथा कुनैपनि बिद्युतिय उपकरणहरु आफ्नो साथ ल्याउन र लगाउन नपाउने जानकारी गराईन्छ ।
- नाम दर्ता परीक्षाको लिखित परीक्षामा नर्सिङ तथा मिडवाईफरी दुवै विधाका लागि १५० प्रश्नहरु सोधिनेछ र त्यसको पुर्णाङ्क पनि १५० नै हुनेछ । जसमा ५०% अंक ल्याएमा मात्र सफल परीक्षार्थी मानिनेछ भने मिडवाईफरीको हकमा थप ५० पुर्णाङ्कको **प्रयोगात्मक परीक्षा (OSPE)** पनि हुनेछ । जसमा सफल हुनको लागि परीक्षार्थीले ८०% अंक प्राप्त गर्नुपर्नेछ ।

परीक्षा समिति
नेपाल नर्सिङ परिषद्
बाँसबारी, काठमाडौं ।
फोन नं. ४३७२५२१


बाँसबारी, काठमाण्डौं, नेपाल । फोन नं. +९७७-१-४३७२५२१, फ्याक्स नं. +९७७-१-४३७७२१४, पोष्ट बक्स नं. १२५४१
इमेलः info@nnc.org.np, वेभसाइटः www.nnc.org.np